# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७६

कार्यपालिकाबाट स्वीकृत २०७६/११/३ गते

## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु

## परिचयः

मानव बेचविखन तथा ओसारपसार कार्य (नियन्त्रण) ऐन २०६४ जुन बिशेष ऐनको रुपमा रहेको छ । यसै ऐन र नियामावली तथा निर्देशिका अनुसार विगतमा केन्दीय समिति, जिल्ला समिति र स्थानीय समितीहरू गठन तथा परिचालन गरी रोकथाम,संरक्षण, निरोध लगायतका कार्य गर्दै आएको छ । यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथ मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने विविध कार्यहरू गरिरहेको छ । विगतमा स्थानीय तहका समितिहरू स्थानीय सरकारी निकायबाट बजेट निकासा गरी निरोध सम्बन्धी काम गर्न सफल भएका थिए ।

नेपालको संविधान २०७२ अनुसार नेपाल संघीयता प्रणाली अनुरुप ७ प्रदेश मार्फत् स्थानीय स्तरलाई धेरै भन्दा धेरै जिम्मेवारीहरू प्रदान गर्दै अगाडि बढेको हामी सबैलाई सर्वविदितै छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण विरुद्धको हकको उपधारा ३ मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छा विपरीत काममा लगाउन पाइने छैन भनी स्पष्ट उल्लेख गरिएको छ ।

नेपाल राज्यको पुरानो संरचनामा बनेका समिति तथा उप समितिहरू हालको अवस्थामा अस्तित्वमा नरहेको र संघीय राज्यको व्यवस्था बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ अन्तर्गत स्थानीय तह सञ्चालन हुदै आइरहेका छन् । उक्त ऐनको धारा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिति उपसमितिहरूको गठन गर्न सक्ने व्यवस्था छ । त्यसकारण यस कृष्णनगर नगरपालिका द्वारा मानव बेचविखन तथा ओसारपसार विरुद्धको नगरपालिका र वडास्तरका समितिहरूको गठन प्रक्रियाको बारेमा यो निर्देशिका तयार पारिएको हो ।

रजत प्रताप शाह
नगर प्रमुख

## नगरपालिका स्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार :

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्ने,
- मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित स्थानीय तहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने
- पीडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।
- स्थानीय स्तरमा पीडित सहायता तथा मानव बेचबिखनविरुद्धका कार्यक्रमहरू सञ्चालन गर्न मानव बेचबिखनविरुद्धको कोष स्थापना र सञ्चालन गर्ने
- स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरू माझ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।
- स्थानीय स्तरका कार्यक्रमहरू सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने ।
- प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानवबेचबिखन विरुद्धको वडास्तरीय समिति गठन र परिचालन तथा सबलीकरण गर्ने ।
- पालिकास्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्न सक्नेछ ।
- पालिकामा रहेका रोजगार प्रवर्द्धन, महिला विकास, बालअधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालन गर्ने ।

रजत प्रताप शाह
नगर प्रमुख

## समितिको नाम : नगरपालिका स्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति

### समितिको संरचना

संयोजक : नगर प्रमुख वा निजले तोकेको व्यक्ति

सदस्य : न्यायिक समितिको संयोजक

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : प्रमुख, स्थानीय प्रहरी कार्यालय

सदस्य : प्रधानाध्यापक, स्थानीय तहभित्रका सबैभन्दा उच्च तहको विद्यालय

सदस्य : बाल क्लब (बालक र बालिका गरी २ जना)

सदस्य : प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र

सदस्य : संयोजक, रोजगार सेवा तथा सुचना केन्द्र

सदस्य : प्रमुख, शिक्षा विकास शाखा,

सदस्य : प्रमुख, कृषि तथा पशुविकास शाखा

सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ (पालिका स्तरिय)

सदस्य : स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना

सदस्यः मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरू मध्येबाट सम्बनिधत स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म)

सदस्य सचिव : शाखा प्रमुख, महिला बालबालिका तथा सामाजिक विकाससँग सम्बन्धित शाखा

रजत प्रताप शाह
नगर प्रमुख

**समितिको नाम: वडास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति**

**समितिको संरचना**

| | |
|---|---|
| संयोजक | वडाअध्यक्ष वा निजले तोकेको व्यक्ति |
| सदस्य | महिला प्रतिनिधि, वडा स्तरीय |
| सदस्य | सिमान्तकृत तथा दलित समुदायबाट महिला |
| सदस्य | महिला समुह/किशोरी समुह |
| सदस्य | बालक्लब |
| सदस्य | प्रधानाध्यापक, स्थानीय तहभित्रका सबैभन्दा उच्च तहको विद्यालय |
| सदस्य | प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र |
| सदस्य | स्थानीय प्रहरी कार्यालय |
| सदस्य | स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना |
| सदस्य | मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरू मध्येबाट सम्बनिधत स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म) |
| सदस्य सचिव | सम्वन्धित विषय हेर्ने कर्मचारी वा वडा सचिव |

**वडास्तरीय मानव बेचबिखन ओसारपसार नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार :**

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्ने,
- आफनो कार्यक्षेत्र भित्र पीडित को उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पीडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।
- स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरूमार्फ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।
- वडा स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्न सक्नेछ ।

रजत प्रताप शाह
नगर प्रमुख